# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## झापा गाउँपालिका

### झापा





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## झापा गाउँपालिका

झापा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## झापा गाउँपालिका

झापा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ४५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
झापा गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,
झापा ।

**कैफियतसहितको राय**

हामीले झापा गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ७ लाख ९ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बेरुजु बाँकी रहेकोमा असुल गर्नुपर्ने रू. ९ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड १७ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ७२ लाख २६ हजार र पेश्की रू. ७ लाख ५१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४ करोड ८३ लाख ६५ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ७ करोड ८१ लाख २६ हजार रहेको छ । गाँउपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका

व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

झापा गाँउपालिका, झापा

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | ९४ | ३०७०९ | ० | ० | ० | ४१ | ९४ | ३०७०९ | ९६८ | १७२२६ | ११७६४ | ० | ० | २८९९० | ७५१ |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिकृया प्राप्त नभएको | |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| झापा गाँउपालिका झापा | ४८३६५ | ० | ९४८ | ४७४१७ | ० | ३०७०९ | ७८१२६ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: झापा गाउँपालिका, झापा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | गजेन्द्र थपलिया | २०७९-४-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लक्ष्मी खतिवडा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३०,७०९,४७२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १३,००,२४,६६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,४२,७१,००० | **चालु खर्च** | २६,८०,५६,२५९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३२,०१,००० | **पूँजीगत खर्च** | २१,७९,७०,७०५ |
| **राजश्व बाँडफाँट** | ९,३७,०८,३६१ | **वित्तीय/अन्य व्यवस्था** | २०,५६,७९,८३६ |
| **आन्तरिक आय** | १,०८,०१,८४६ | | |
| **अन्य आय** | १४,०७,३४,०६८ | | |
| **कुल आय** | ६५,२७,१६,२७५ | **कुल खर्च** | ६९,१७,०६,८०० |
| **बाँकी मौज्दात** | | ९,१०,३४,१३८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाउँपालिका स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु झापा गाउँपालिकाको उद्देश्य रहेको छ। झापा गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ९४.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार ६०१ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **प्राप्ति र भुक्तानी हिसाब** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम झापा गाउँपालिका झापा ले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०७८।७९मा प्राप्ति र भुक्तानी हिसाबको समग्र संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५१,९८,३०,७१५.२६ | ४८,५८,०९,५३८.८९ | | ४८,५८,०९,५३८.८९ | ४६,६३,३४,२९०.३३ | | ४६,६३,३४,२९०.३३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५०,९५,३१,५००.०० | ४७,८६,९७,६६५.४१ | ० | ४७,८६,९७,६६५.४१ | ४४,५२,७४,५७५.६२ | ० | ४४,५२,७४,५७५.६२ |
| ११००० कर | ११ | ९,५९,०९,५००.०० | ९,९०,३०,२६९.५९ | ० | ९,९०,३०,२६९.५९ | ८,९८,१७,९४३.११ | ० | ८,९८,१७,९४३.११ |
| १३००० अनुदान | | ४०,७८,७२,०००.०० | ३७,४१,८७,४५७.४३ | ० | ३७,४१,८७,४५७.४३ | ३५,११,७१,०४०.०० | ० | ३५,११,७१,०४०.०० |
| संघीय सरकार | १२ | ३८,४६,७१,०००.०० | ३५,२३,७१,०५२.४३ | ० | ३५,२३,७१,०५२.४३ | ३३,३८,५९,०४०.०० | ० | ३३,३८,५९,०४०.०० |
| प्रदेश सरकार | १२ | २,३२,०१,०००.०० | २,१८,१६,४०५.०० | ० | २,१८,१६,४०५.०० | १,७३,१२,०००.०० | ० | १,७३,१२,०००.०० |
| १४००० अन्य राजस्व | | ५७,५०,०००.०० | ५४,७९,९३८.३९ | ० | ५४,७९,९३८.३९ | ४२,८५,५९२.५१ | ० | ४२,८५,५९२.५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | १,०२,९९,२१५.२६ | ७१,११,८७३.४८ | | ७१,११,८७३.४८ | २,१०,५९,७१४.७१ | | २,१०,५९,७१४.७१ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,०२,९९,२१५.२६ | ५०,०००.०० | ० | ५०,०००.०० | १,१२,६३,७७२.१२ | ० | १,१२,६३,७७२.१२ |
| धरौटी | | ० | ७०,६१,८७३.४८ | ० | ७०,६१,८७३.४८ | ९७,९५,९४२.५९ | ० | ९७,९५,९४२.५९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,२१,००,८०९.६९ | ४९,९४,१४,६४९.९७ | | ४९,९४,१४,६४९.९७ | ४५,३५,१४,७२९.४७ | | ४५,३५,१४,७२९.४७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,१८,०१,५९४.४३ | ४८,६०,२६,९६४.२५ | | ४८,६०,२६,९६४.२५ | ४४,२६,६५,१२५.५७ | | ४४,२६,६५,१२५.५७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,६२,२२,०००.०० | १३,९२,५८,४०७.९८ | ० | १३,९२,५८,४०७.९८ | १२,४२,४२,९७५.९१ | ० | १२,४२,४२,९७५.९१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५,२१,६४,०००.०० | ४,४७,१२,००७.६७ | ० | ४,४७,१२,००७.६७ | ३,६२,४५,९४१.२८ | ० | ३,६२,४५,९४१.२८ |
| २५००० सहायता (Subsidy) | १८ | ७,३८,४३,०००.०० | ५,४९,७२,९४०.६० | ० | ५,४९,७२,९४०.६० | ५,६३,६६,१२१.४० | ० | ५,६३,६६,१२१.४० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३,४१,५६,०००.०० | २,३०,३०,९६५.०० | ० | २,३०,३०,९६५.०० | १,३२,३१,२६५.९० | ० | १,३२,३१,२६५.९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | ६०,९०,५२६.०० | ६०,८१,९३८.०० | ० | ६०,८१,९३८.०० | ९,२८,६००.०० | ० | ९,२८,६००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,९३,२६,०६८.४३ | २१,७९,७०,७०५.०० | ० | २१,७९,७०,७०५.०० | २१,१६,५०,२२१.०८ | ० | २१,१६,५०,२२१.०८ |
| घ. अन्य भूक्तानी | | १,०२,९९,२१५.२६ | १,३३,८७,६८५.७२ | | १,३३,८७,६८५.७२ | ४५,३५,१४,७२९.४७ | | ४५,३५,१४,७२९.४७ |
| कोषहरु | | १,०२,९९,२१५.२६ | ३९,२७,३५१.५० | ० | ३९,२७,३५१.५० | ८०,०३,६२१.६९ | ० | ८०,०३,६२१.६९ |
| धरौटी | | ० | ९४,७२,३९९.२२ | ० | ९४,७२,३९९.२२ | २८,४५,९८२.२१ | ० | २८,४५,९८२.२१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१२,०६५.०० | | -१२,०६५.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (८,२२,७०,०९४.४३) | (१,३६,०५,१११.०८) | | (१,३६,०५,१११.०८) | १,२८,१९,५६०.८६ | | १,२८,१९,५६०.८६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,४६,६३,३७९.२४ | | १०,४६,६३,३७९.२४ | ११,७४,१३,६०३.०१ | | ११,७४,१३,६०३.०१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,२२,७०,०९४.४३) | ९,१०,५८,२६८.१६ | | ९,१०,५८,२६८.१६ | १३,०२,३३,१६३.८७ | | १३,०२,३३,१६३.८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय विवरणको विश्लेषण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोबार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११३२३२८१६ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ११०७९६०१। प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम ४९९९९२६।०० गरी रु १२९३१२३४३ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>फरक हिसाब- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु २५३६१२८४.६३ यस वर्षको प्राप्ति रु.१६६९०६७५५.५७ र यस वर्षको भुक्तानी रु१९२२९२१५०.२० र अन्तिम मौज्दात रु२४१३० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>गत वर्षको जिम्मेवारी</th><th>यस वर्षको प्राप्ति</th><th>यस वर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१०४६६३३७९।२४</td><td>४८५८०९५३८।८९</td><td>४९९४१४६४९।९७</td><td>९१०५८२६८।१६</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>१३००२४६६३।८७</td><td>६५२७१६२९४।४६</td><td>६९१७०६८००.१७</td><td>९१०३४१३८।१६</td></tr>
<tr><td>फरक</td><td>२५३६१२८४.६३</td><td>१६६९०६७५५.५७</td><td>१९२२९२१५०.२०</td><td>२४१३०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.३</td><td></td><td></td><td>जिम्मेवारी - स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाले गत वर्षको लेखा परीक्षण प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्त्यमा रु.१३०२५४१६३।८७ मौज्दात भएकोमा यो वर्षको प्राप्ती तथा भुक्तानी हिसाबमा रु १३००२४६६३।८७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२९५०० घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.</td><td>२२९,५००</td></tr>
<tr><td>४.४</td><td></td><td></td><td>बैक हिसाब मिलान- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टि गर्ने बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी वित्तीय प्रतिवेदन साथ पेश गरेको देखिएन । पालिकाको देहायबमोजम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु९१०५८२६८ देखिएकोमा सो अवधिमा बैक अनुसार बैक मौज्दात रु.९१४४२९१९.१६ देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.३८४६५१ का सम्बन्धमा बैक हिसाब मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिएको छ ।
<table>
<tr><th>खाताको नाम</th><th>श्रेस्ता अनुसारबाँकी</th><th>बैंक स्टेटमेण्टअनुसार बाँकी</th></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>५८८०९२४।४८</td></tr>
<tr><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>१६२२००२९।००</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता</td><td>९७३३५४३।८१</td><td>९७३३५४३।८१</td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>७४९५२८६०।५९</td><td>४८५२८३१०।३१</td></tr>
<tr><td>विविध कोष खाता</td><td>३७२९०६२।८३</td><td>३७२९०६२।८३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>१२५१३३४।९३</td><td>१२५१३३४।९३</td></tr>
<tr><td>राजश्व बाँडफाँड खाता</td><td>०</td><td>१५०१११।१६</td></tr>
<tr><td>आन्तरिक राजश्व खाता</td><td>०</td><td>४५५८१३६।६४</td></tr>
<tr><td>अनुदान खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>१३९१४६६</td><td>१३९१४६६</td></tr>
<tr><td>जम्मा</td><td>९१०५८२६८</td><td>९१४४२९१९.१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४.५</td><td></td><td></td><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकीः आयकर ऐन मुअकर ऐन तथा अन्य कानुन वमोजिम कट्टि भएको रकम सम्वन्धित खातामा दाखिला नभइ बैक नगदी किताबको विविध खातामा नै मौज्दातमा रहेकोले राजश्व तथा अन्य शीर्षकको सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>विवरण</td><td>मौज्दातरहेकोरकम</td></tr>
<tr><td>पारिश्रमिककर, बाहलकर,सामाजिकसुरक्षाकर</td><td>१२०६५</td></tr>
<tr><td>जम्मा</td><td>१२०६५</td></tr>
</table>
</td><td>१२,०६५</td></tr>
<tr><td>५</td><td></td><td></td><td>अनुदानको उपयोग<br><br>प्रशासनिक खर्च- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा राजश्व बाँडफाँडबाट प्राप्त हुने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकमको उपयोग गर्दा मूलतः सामाजिक सेवा र आर्थिक सामाजिक क्षेत्रमा उपयोग गर्ने, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नु पर्ने गरी मार्गदर्शन तय गरेको छ । पालिकाले आफ्नो आन्तरिक आयबाट रु.१०८०१८४६ र राजश्व बाँडफाँडबाट रु ९३७०८३६१ गरी रु.१०४५५१०२०७ आय प्राप्त भएको देखिएकोमा प्रशासनिक खर्च वापत रु ६९९६७५५३।८२ ( ६६.९२ ) भएको देखिएको छ । प्राप्त राजश्र बाँडफाँड रकम मूलतः सामाजिक सेवा, विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी अधिकांश रकम दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत वृद्धि गरी मार्गदर्शन बमोजिम अनुदानको खर्च गरिनुपर्दछ । | |
| ६ | | | **वजेट तथा कार्यक्रम** | |
| ६.१ | | | **वार्षिक बजेट तथा कार्यक्रम स्विकृति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६, ६७ र ७१ बमोजिम वार्षिक आय-व्ययको प्रक्षेपण, वितरणको खाका र बजेट सीमाभित्र रही तयार गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरी आषाढ १० भित्र सभामा पेश गरी सोही महिनाको अन्त्यसम्म बजेट पास गरिसक्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ. व २०७८।७९ को वार्षिक कार्यक्रम तथा बजेट मिति २०७८। ३।१० मा रु ४५ करोड ७४ लाख ६ हजार बजेट सभा समक्ष पेश गरी सभाले मिति २०७८।३।१४ मा पारित भएको छ । यसैगरी अध्यक्षले मिति २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **योजना तथा बजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन् <br><br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन। | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ·आर्थिक वर्षको अन्त्यमा अत्याधिक पूँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पूँजीगत बजेट रु. २७ करोड. ९३ लाख ३६ हजार भएकोमा प्रथम चौमासिकमा रु १ करोड ७६ लाख ४१ हजार, दोश्रो चौमासिकमा रु.७ करोड ७५ लाख ११ हजार, तेस्रो चौमासिकमा रु.१२ करोड २८ लाख १८ हजार र असार महिनामा मात्रै रु.४ करोड १६ लाख ९२ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड ९८ लाख २२ हजारको खरिद कार्य गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा ४ अनुसार तोकिएको सीमा भन्दा भन्दा बढी बजेट थपघट गाउँसभाको निर्णयबाट रु. ४ करोड ५ लाख ३५ हजार रकमान्तर गरेको छ। उक्त रकम उल्लेखित बजेट रु.२३ करोड ७० लाख ८६ हजार को तुलनामा १७.०९ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>• उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउनेतर्फ ध्यान पर्दछ । | |
| ६.३ | | | **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरीस्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिम रू.१ करोड ७५ लाख अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेका छन् । अबण्डा रकम कार्यपालिकाको निर्णयबाट पछि बाँडफाँड गरी पटके आयोजना र कार्यक्रममा खर्च हुने एवं वित्तीय अनुशासन पालना नहुने लगायतका अवस्था रहेको छ । अबण्डा राखी खर्च गर्नेकार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br><table><tr><td>बजेट शीर्षक</td><td>विनियोजन रकम</td></tr><tr><td>समपुरक म्याचिङ फण्ड</td><td>६००००००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सानातिना मर्मत</td><td>६५०००००</td></tr>
<tr><td>आकस्मिक कोष</td><td>५००००००</td></tr>
<tr><td>जम्मा</td><td>१७५०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>
योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पानदमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो वातावरणीय संरक्षण र भाषिक तथा सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार योजनाको निर्माण कार्यमा देहाय बमोजिम बजेट खर्च गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>५ लाख भन्दा कमका योजना</td><td>११५</td><td>२७७४६३५१</td></tr>
<tr><td>३</td><td>५ लाख देखि २० लाख सम्मका योजना</td><td>२१</td><td>२१९६८७२५</td></tr>
<tr><td>४</td><td>२० लाख माथिका योजना</td><td>१२</td><td>८९५१४५३३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४८</td><td>१३९२२९६०९</td></tr>
</table>
उल्लेखित योजनाका कार्यहरु गराउदा लाभग्रही समुदायबाट रु.४९५१९९७७ र सिधै तथा बोलपत्रविधिबाट रु गरी रु.८९७०९६३२ खर्च भएको छ । साथै पालिकाले <u>साना र वितरणमुखी</u> योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका कार्यक्रम तथा योजना मध्ये ४९ योजना तथा कार्यक्रम कार्यान्वयनमा गएका छैनन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| ६.५ | | | **भुक्तानी दिन बाँकी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । योजना तथा कार्यक्रम र भुक्तानी बाँकीको विवरण बेगर पालिकाले गतवर्षको दायित्व अन्तर्गत रू.८ करोड २२ लाख ७० हजार योजनाहरुमा खर्च गरेको छ । चालु वर्षको कार्यक्रमलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने र पछिल्ला वर्ष भुक्तानी गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।<br>त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, महङ्गी र स्थानीय भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, खाद्यान्न, औषधी उपचार , बिरामी र बन्दीको सिदा.सेवा निवृत्त सुविधा र स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने उल्लेख छ । पालिकाको निर्माण कार्यमा कूलरु ७ करोड ४९ लाख ६४ हजार रकम अर्को वर्षको दायित्व सारेको देखियो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ। | |
| ७ | | | **आन्तरीक नियन्त्रण प्रणाली** | |
| ७.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:<br>• ·पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।<br>• निजामती सेवा ऐन,२०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.८ लाख ९५ हजार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन ।<br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७.२ | | | **सूचना प्रविधिको प्रयोग -** सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित गर्न सूचना प्रविधिको प्रयोग बढाउँदै लैजान आवश्यक छ । पालिकाले हरेक वर्ष राजस्व,लेखा, जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवयेर खरिद गरी प्रयोगमा ल्याएको र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) ले लेखा अभिलेख र प्रतिवेदन कार्यलाई व्यवस्थित गर्न सहयोग पुगेको अवस्था छ । यो वर्ष विभिन्न प्रकारका जिन्सी व्यवस्थापन आन्तरिक आय लेखाङ्कन एवं लेखा सम्बन्धी सफ्टवयेर खरिद गरी रू. १५ लाख हजार खर्च गरेको छ । सूचना प्रविधि क्षेत्रमा गरेको लगानी र प्रयासका बाबजुद सेवा प्रवाहमा अपेक्षित सुधार हुनसकेको छैन र खरिद गरेका सफ्टवेयरहरू पूर्णरूपमा कार्यान्वयनमा ल्याउन नसकेको अवस्थामा सुधार गरी सूचना प्रविधिको उच्चतम प्रयोगबाट सेवा प्रवाहलाई चुस्त बनाउनु पर्दछ। | |
| ८ | | | **प्रशासकिय संगठन र कर्मचारी व्यबस्थापन** | |
| ८.१ | | | **कर्मचारी व्यवस्थापन -** पालिकाको कार्य सञ्चालनभित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्ने विषयगत क्षेत्र तोकिएको छ । सो कार्य सम्पादन गर्न पालिकाको लागि ५९ कर्मचारी दरबन्दी स्वीकृत भएकोमा २०७९।०३।३१ सम्म निजामती सेवा समायोजन ऐन २०७५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | बमोजिम २५ समायोजन भएको र लोक सेवा आयोग बाट १३ अन्य १ पदपुर्ति गरी ३९ दरबन्दी स्थायी पदपूर्ति भइ २० पद रिक्त रहेको छ। रिक्त पद मध्ये पदपूर्तीको लागि प्रदेश लोक सेवा आयोगमा लेखि पठाएको देखिएन । विषयगत कार्यक्रम सञ्चालन गरी सेवाप्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पूर्ति नहुँदा कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ८.२ | | | **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खुवाउनु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारी रु १०१८२६६९।२० र पालिकाका चालुतर्फका कर्मचारीको रु.१०३८७२८६ गरी रु. २०५६९९५५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खुवाउनुपर्छ । | |
| ८.३ | | | **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न ४३ जना विगतदेखि करारमा राखी करार सेवा शुल्कमा रू. १ करोड ४१ लाख १७ हजार २९२ स्वास्थ्यका कर्मचारी समेत खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पल्म्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । यो वर्ष पालिकाले करारमा राख्न नपाउने २२ पदमा करारमा नियुक्ति भएका कर्मचारीलाइ रू. ६४४०१६० पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ६,४४०,१६० |
| ९ | | | **सम्पति उपयोग र संरक्षण** | |
| ९.१ | | | **सम्पत्ति तथा जग्गा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने | • |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस पालिकामा रहेका सम्पत्तिहरूमध्ये केहि सम्पतिको विवरण देहाय अनुसार छ ।
<table>
<tr><th>मुख्य सम्पति तथा मालसामानको नाम</th><th>जग्गाको क्षेत्रफल</th><th>भवन तथा सवारीको परिमाण</th><th>मुल्य रकम</th><th>प्रयोग/कैफियत</th></tr>
<tr><td>जग्गा</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>जिप कार भ्यान</td><td></td><td>२</td><td>५००७६६१</td><td></td></tr>
<tr><td>मोटरसाईकल</td><td></td><td>२०</td><td>३२०६१९४</td><td></td></tr>
</table>
<ul>
<li>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ बमोजिम ३ मोटर साईकल मुल्य नखुलेकोमा सम्पति तथा जिन्सी सामानको मूल्य कायम गरेको पाईएन ।</li>
<li>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ बमोजिम सरकारी कार्यलयको नाममा रहेको जग्गाको लगत राखेको पाइएन ।</li>
<li>सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागी जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्वीकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्वीकृत लिएको देखिएन ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>सार्वजनिक जग्गा - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन गरी संरक्षण गर्नुपर्ने, जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ मा सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राख्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा पलिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिइ सार्वजनिक संरचनाको समेतको त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राखी तथा अनुगमन गरेको देखिएन। सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख प्राप्त गरी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै बेहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन हुन सकेन । कानुन बमोजिम सबै मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख प्राप्त गरी सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख प्राप्त गरी सार्वजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ । | |
| १० | | | **कानुन निर्माण तथा कार्यान्वयन** | |
| १०.१ | | | **कानून निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ३० नमूना कानून उपलब्ध गराएको देखिएको र स्थानीय तहको लागि ४० भन्दा बढी कानून आवश्यक पर्ने अवस्था रहेको छ । पालिकाले हालसम्म २ ऐन, १ नियमावली, १२ कार्यविधि तथा १ निर्देशिका निर्माण गरी कार्यान्वयनमा आएको छ । सेवा प्रवाहको लागि आवश्यक पर्ने कानून र राजस्व सङ्कलन तथा खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न अति आवश्यक कानून आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन बनाएको देखिएन । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा समेत प्रभावकारिता आउन सकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई गाउँपालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ । | |
| १०.२ | | | **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्ममा अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाको गतवर्ष फछ्यौंट कारबाही किनारा गरी टुङ्गो लगाउन १९ बाँकी र यो वर्ष ७३ थप दर्ता भएको गरी ९२ वटा विवाद दर्ता भएकोमा २१ वटा फछ्यौंट र ७१ वटा फछ्यौंट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११ | | | **आर्थिक सहायता र अन्य बिबिध खर्च** | |
| ११.१ | | | **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च गर्दा मितव्ययीता अवलम्बन गर्नुपर्नेमा पालिकाले रू. ३९ लाख ४५हजार खर्च गरेका छन् । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११.२ | | | **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ९ लाख ३७ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १२ | | | **खरिद तथा ठेक्का अभिलेख** | |
| १२.१ | | | **ठेक्का अभिलेख-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा स्थानीय तहले महालेखापरीक्षकले स्वीकृत गरेको लेखा ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ठेक्काबाट भएको कामको अभिलेख देखिने म ले प फा नं. ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं. ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । कानून बमोजिम स्वीकृत म.ले.प फारम प्रयोग गरी ठेक्काबाट भएको कामको अभिलेख राखिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **खरिद कार्यको अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले हरेक खरिद कारवाहीको व्यवस्थित अभिलेख गरी फाइल खडा गरी राखेको देखिएन । सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कारवाहीको छुट्टै फाइल खडा गरी राख्नुपर्दछ । | |
| १३ | | | **रिटेन्सन मनि फिर्ता**<br><br>**रिटेन्सन मनि फिर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले कार्य स्वीकार गरेपछी कट्टा गरेको रिटेन्सन मनि सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिम रिटेन्सन मनि वापत कट्टा भएको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई विगत वर्षको कर चुक्ता पत्रको आधारमा फिर्ता दिएकोले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४,५६२,१९४ |

| गो भौ नं | आपूर्तिकर्ता, | रिटेन्सन मनि | कैफियत |
|---|---|---|---|
| २५।२०७८।११।१० | के एम समता जे भि | १४४०७९९ | ठे न १० २०७५।७६<br>पुल निर्माण |
| २१।२०७८।९।२२ | सिद्दकाली ईन्टरनेशनल बिल्डर्स | १२३६१९६ | ठे न ४र ५ २०७६।७७ |
| १६।२०७८।८।२ | शान्ति खनाल जे भि | ६५२४८०।२५ | ११।७६/७७ |
| १२।२०७८।६।१४ | नेपाल पूर्वाधार कन्ट्रक्सन प्रा लि | ५७१७१९।१६ | |
| ४।२०७८।४।२४ | गणेश निर्माण सेवा | ६६१००० | १५।२०७७।७८ |
| | | ४५६२१९४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **शैक्षिक व्यबस्थापन** | |
| १४.१ | | | **अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ )मा सर्वसामान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय ब्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरीक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक कारोवारको लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ । | |
| १४.२ | | | **निजी विद्यालय व्यवस्थापन-** पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी सो को आधारमा अनुगमन गर्नुपर्दछ । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण नगरेकोले निजी विद्यालयहरूको व्यवस्थापन तथा शुल्क निर्धारण स्थितीको मूल्याङकन गरिने अवस्था देखिएन । पालिकाले निजी विद्यालयहरूको व्यवस्थापन र अनुगमन मापदण्ड स्वीकृत गरी अनुगमन गर्नुपर्दछ । | |
| १४.३ | | | **विद्यालयगत अभिलेख-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयवाट प्राप्त मागफारम रुजुगरी निर्धारित तलब भत्ता, पोशाक खर्च, चाडपर्व खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ । साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको आधारभूत तथा माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहत कोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय बमोजिम रहेको र सोही बमोजिम अनुदान निकासा भएको छ । विद्यालयमा शिक्षक विद्यार्थी | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुपात एकीन गरी नियम बमोजिम विद्यालय मर्ज र शिक्षक दरबन्दी मिलान गरी विद्यालय,शिक्षक. कर्मचारी विद्यालयगत निकासको अभिलेख राखिनुपर्दछ ।
<table>
<tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ती</th><th>कार्यरत मध्ये अस्थायी/करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>२१</td><td>२४२</td><td>१९९</td><td>१०८</td><td>६९२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०७८।७९ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>पेश्की व्यवस्थापन<br><br>पेश्की बाँकी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फछ्र्योट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकाको निम्नानुसार आर्थिक वर्षको अन्तमा फस्यौट हुन बाँकी पेश्की देखिएकोले फस्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>विवरण</th><th>म्याद ननाघेको पेश्की</th><th>म्याद नाघेको पेश्की</th></tr>
</table></td><td>७५१,१०२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/०७/१६</td><td>नारायण कुमार चम्लागाइ असिष्टेण्ट सव इञ्जिनियर</td><td>खेलकुद सामग्री वितरण</td><td></td><td>१,००,०००.</td></tr>
<tr><td>२०७९/०३/०६</td><td>लुम्बिनी ईन्जिनियरिङ्ग वर्क्स प्रा.लि</td><td>समपूरक कोष</td><td></td><td>६,५१,१०२.०</td></tr>
<tr><td>२०७९।१।२३</td><td>शिवालय आर एस जेभी</td><td>१० शैयाको अस्पताल मोविलाइजेसन पेश्की</td><td>३८०००००</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३८०००००</td><td>७५११०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>आन्तरीक श्रोत परिचालन</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>राजस्व परिचालन - पालिकाले तयार गरेको एकीकृत वार्षिक आर्थिक विवरण अनुसार यो वर्ष आन्तरिक आयबाट रू. १० करोड १६ लाख ५९ हजार प्राप्त गर्ने अनुमान गरेकोमा रू १०. करोड ४५ लाख १० हजार (१०२.८० प्रतिशत) प्राप्त गरेको छ । सो बाहेक गत वर्षको मौज्दात रू. ८ करोड २२ लाख ७० हजार रहेको र आन्तरिक आयमध्ये राजस्व बाँडफाँडबाट रू. ९ करोड ३७ लाख ८ हजार र आन्तरिक श्रोतबाट रू.१ करोड ८ लाख १ हजार प्राप्त भएको छ । नेपाल सरकारको अनुदान समेतको कुल प्राप्ति रू ५१ करोड १९ लाख ८२ हजार मध्ये पालिकाको यस वर्षको आन्तरिक स्रोतको आय २.१० प्रतिशत मात्र देखिएको छ । राजस्व तथा शुल्कको दायरा विस्तार एवं पुनरावलोकन गरी आन्तरिक स्रोत परिचालनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>करदाताको अभिलेख- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, भवन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क लगायत उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>बक्यौता असुली- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकमसमेत असुली गर्ने व्यवस्था छ । यो वर्ष पालिकाले देहाय बमोजिम रू.११००० असुल गर्न बाँकी रहेको र गत विगत असुल गर्न बाँकी लगत तयार गरी अद्यावधिक गरेको देखिएन । बक्यौता राजस्वको लगत तयार गरी असुलीको कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ । यस वर्ष असुल गर्न बाँकी देखिएको रु.११००० दाखिला प्रमाण पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>विवरण</th><th>ठेकेदार</th><th>असुल गर्न बाकी</th></tr>
<tr><td>पन्थापाडा कान्जिहाउस</td><td>मोहन साह</td><td>११०००</td></tr>
<tr><td></td><td></td><td>११०००</td></tr>
</table></td><td>११,०००</td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>नगद दाखिला- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन,२०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा १० दिन सम्म ढिलो भए गरेको भए १० प्रतिशत जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा ढिलो दाखिला गरेको भए १० प्रतिशतका दरले जरीवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था छ । देहाय राजस्व संकलन केन्द्रको असुली रकम दाखिला भएको नदेखिएकोले ऐनमा भएको व्यवस्था बमोजिम असुली हुनुपर्ने रु<br>
<table>
<tr><th>राजश्व संकलन केन्द्र</th><th>विवरण</th><th>असुली रकम</th><th>दाखिला रकम</th><th>दाखिला गर्न बाँकी</th></tr>
<tr><td>वडा नं ६</td><td></td><td>८८७१८४</td><td>८७३७०४</td><td>१३४८०</td></tr>
</table></td><td>४६,६९७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>स्वास्थ्य चौकी</td><td></td><td>३७८६७</td><td>४६५०</td><td>३३२१७</td></tr><tr><td></td><td></td><td></td><td></td><td>४६६९७</td></tr></table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>विस्तृत आयोजना प्रतिवेदन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै नियमावली, २०६४ को नियम ३(क) तथा ७(१)(ग) मा अधिकतम प्रतिस्पर्धा हुने गरी खरिदको प्याकेज बनाउन सकिने व्यवस्था छ। पालिकाले उपलब्ध जनशक्तिको विश्लेषण नगरी देहायका परामर्श सम्बन्धि कार्य बाह्य परामर्श दाताबाट गराएको र अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान स्वीकृत बजेट बमोजिमकै हाराहरीमा परामर्शदाताबाट कार्य गराई देहाय बमोजिम भुक्तानी गरेको छ । खरिद ऐन नियमको व्यवस्थाअनुसार प्याकेज बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी टुक्रा टुक्रा बनाई सोझै खरिद गरेको कानुन सम्मत नदेखिएको रु.<table><tr><th>गो भौ नं मिति</th><th>डि पि आर कार्य</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>अध्यायनबाट देखिएको ल ई</th></tr><tr><td>३६५।२०७९।३।४</td><td>विभिन्न सडकको डिपी आर</td><td>जनकनन्दीनी ईन्जिनियरीङ कन्सल्टेन्सी</td><td>३०७९२५</td><td></td></tr><tr><td>३३०।२०७९।१।९</td><td>साल्मारा सितुमारी जोड्ने पुलको डि पी आर</td><td>धनुप ईन्जिनियरीङ प्रा लि</td><td>९९५५६४</td><td>१३७९९६६१४</td></tr><tr><td>१७।२०७८।६।२४</td><td>विभिन्न सडकको डिपी आर</td><td>रामरत्न कन्सल्टेन्ट एण्ड विल्डर्स प्रा लि</td><td>३८२२००</td><td>९५२४४७६</td></tr><tr><td>१७२।२०७८।११।१२</td><td>कुवाडी बालुवाटार झो पु</td><td>सहारा नेपाल</td><td>२०००००</td><td></td></tr></table></td><td>१,८८५,६८९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १८८५६८९ | |
| १८ | | | **कन्टिजेन्सी खर्च**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम ७ को अनुसुचि बमोजिम वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्च र फिजीकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्वन्धित मन्त्रालय वा केन्द्रिय निकायवाट कार्यविधि स्वीकृति गराई गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यबिधि स्विकृत नगरी कन्टिन्जेन्सी खर्च गरेको छ । कन्टिजेन्सी खर्च सम्बन्धमा थप देहाय ब्यहोरा देखिएकोले नियमावलीमा भएको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिम कार्यविधि स्वीकृत पश्चात कन्टिन्जेन्सी खर्च गरिनुपर्दछ ।<br><br>• कुनै बजेट उपशिर्शकको कन्टिनजेन्सी खर्च जनाउदा सम्बन्धित ठेक्काको नापी कितावमा समेत खर्च प्रविष्ट गरेको हुनु पर्ने र यसरी गरिएको खर्चको अभिलेख ठेक्कैपिच्छे राख्नु पर्ने व्यवस्था भएकोमा यस वर्ष खर्च भएको कन्टिनजेन्सी रकमको सम्वन्धित ठेक्काको नापी किताबमा अभिलेख गरेको देखिएन । कन्टिनजेन्सी खर्चको अभिलेख नापी किताबमा राख्नु पर्दछ ।<br><br>• कार्यालयले कन्टिन्जेन्सीको अन्य उल्लेख गरी खर्च गरेको रकम मध्ये ईन्धन, दै भ भ कार्यालय संचालन खर्च तथा कम्प्युटर समेतलाई सार्वजनिक निर्माण तर्फको खर्चमा समावेश गरेकोले खर्च शीर्षकको वर्गिकरण र व्याख्या २०७४ को व्यवस्था भन्दा फरक गरी खर्च हुने गरेको देखिएको छ । | • |
| १९ | | | **डण्डीको वेस्टेज**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (१०)मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सबमोजिम गर्नुपर्ने व्यवस्था रहेको र कार्यलयले फलामे डण्डी स्वीकृत नर्म्स बमोजिम ५ प्रतिशत वेस्टेज राखी लागत अनुमान तयार गरेको | ३०१,१४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । कार्यलयले नापी किताबमा देहाय बमोजिम डण्डिको वेस्टेज देखाई रु३०११४९ भुक्तानी गरेको छ । लागत अनुमानमा डण्डी वेस्टेज दिएपछि नापी किताबमा डण्डी वेस्टेज दिन नमिल्ने हुदा असुल गर्नुपर्ने रु. | |

| कार्य | निर्माण व्यवसायी | विवरण | वेस्टेज डण्डी परिमाण के जी | भुक्तानी दर | असुल गर्ने रकम |
|---|---|---|---|---|---|
| प्रशासकीय भवन | ए पी एस। सिद्दकाली जे भि | अन्तिम बिल भुक्तानी सम्मको डण्डी बेस्टेज | १२०८।८१ | ७५ | ९०६६० |
| १० वेडको अस्पताल | शिवालय।आर एस जे भि | दोश्रो रनिङ बिल भुक्तानी सम्मको डण्डी बेस्टेज | २३३८।७७ | ९० | २१०४८९।३० |
| | | जम्मा | | | ३०११४९।३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **खरिदमा प्रतिस्पर्धा**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ (१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६ ( ६ ) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ । कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष ठेककाको खरिद सम्झौता गर्दा. २ वटा ठेक्कामा लागत अनुमानको तुलनामा प्रतिशत १ देखी २ प्रतिशत र १ वटा ठेक्का मा लागत अनुमानको ४४ ।७० भन्दा घटीको कबोल अंकमा ठेक्का सम्झौता भएको छ । प्रतिस्पर्धा सीमित नहुने गरी खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ । | |

| ठेक्का नंवर | काम | निर्माण व्यवसायी | सम्झौता मिति | लागत अनुमान | कवोल रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५।२०७८।७९</td><td>सडक कालोपत्रे</td><td>एस जे फोर्टी विल्डर्स प्रा लि</td><td>२०७८।११।५</td><td>७०५५५०६</td><td>६९८०२९७।५०</td><td>१।०६</td></tr>
<tr><td>६।२०७८।८९</td><td>सडक कालोपत्रे</td><td>एस जे फोर्टी विल्डर्स प्रा लि</td><td>२०७८।१२।२९</td><td>५०७८१७६।६८</td><td>४९५१७६६।५६</td><td>२।४८</td></tr>
<tr><td>२।७८।७९</td><td>सडक कालोपत्रे</td><td>पल्पसा कन्ट्क्सन</td><td>२०७९।२।१६</td><td>१७५६११५१</td><td>९७१००६३।८१</td><td>४४।७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
ट्याक कोट<br><br>
सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले देहाय सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा देहाय बमोजिम बढी हुने गरी भुक्तानी दिएको देखियोलेबढी भुक्तानी दिएको देहाय बमोजिमको रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><th>गो भौ न</th><th>निर्माण व्यवसायी</th><th>कार्य</th><th>क्षेत्रफल sqm</th><th>खपत परिमाण लि</th><th>वढी खपत परीमाण लि</th><th>दर</th><th>असुल गर्नुपर्ने</th></tr>
<tr><td>३९७।२०७९।३।१६</td><td>एस जे फोर्टी बिल्डर्स</td><td>सडक पिच</td><td>३०४०</td><td>२५८४</td><td>७६०</td><td>१००</td><td>७६०००</td></tr>
<tr><td>१५४।२०७८।११।५</td><td>एस जे फोर्टी बिल्डर्स</td><td>सडक पिच</td><td>३४६०</td><td>२४२२</td><td>३४६</td><td>९०</td><td>३११४०</td></tr>
<tr><td>१६१।२०७८।११।८</td><td>एलेक्स कन्ट्रक्सन</td><td>सडक पिच</td><td>४२९२</td><td>३००४</td><td>४२८।८०</td><td>१००</td><td>४२८८०</td></tr>
<tr><td>२०१।२०७८।१२।१</td><td>पृथ्वी निर्माण सेवा</td><td>सडक पिच</td><td>४९०४</td><td>३४२२।८८</td><td>४८०।४८</td><td>८५</td><td>४०८४०।०८</td></tr>
<tr><td>३१।२०७९।२।१३</td><td>पल्पसा कन्ट्रक्सन</td><td>सडक पिच</td><td>६७२०</td><td>५०४०</td><td>१००८</td><td>८०</td><td>८०६४०</td></tr>
<tr><td>१५८।२०७८।१०।५।</td><td>एलेक्स कन्ट्रसन</td><td>सडक पिच</td><td>२७७८।२८</td><td>१९४४।८</td><td>२७७।८३</td><td>१०५</td><td>२९१७२</td></tr>
</table>
</td><td>३००,६७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३००६७२।०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
भेरिएसन<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भेरीएसन जारी नगरी भुक्तानी दिएकोले अनियमित रु<br><br>
<table>
<tr><th>ठेक्का नंवर</th><th>विवरण</th><th>निर्माण व्यवसायी</th><th>सम्झौता रकम</th><th>कार्यसम्पन्न रकम</th><th>भेरीएसन रकम</th></tr>
<tr><td>६।२०७७।७८</td><td>७ नंबर वडा कालोपत्रे</td><td>पृथ्वी निर्माण सेवा</td><td>५८३०६८७</td><td>६६७०८६७</td><td>१०७२५४८</td></tr>
</table>
</td><td>१,०७२,५४८</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
निर्माणव्यवसायीबाट कार्य<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ । पालिकाले यो वर्ष मोटरबाटो ट्याक खोल्ने कार्य,सडक स्तरोन्नती तथा मर्मतको लागी देहाय बमोजिम उपभोक्ता समितिमार्फत कार्य गराउन सम्झौता गरेकोमा उपभोक्ता समितिले गर्नुपर्ने कार्य निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । नियमम मा भएको उल्लेखित व्यवस्था विपरीत कार्य भएकोले अनियमित भएको रु.
<table>
<tr><th>ब.उ .शि.नं.</th><th>गोभौनं./मिति</th><th>भुक्तानी लिने उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>बजेट खर्च रकम</th><th>कार्यगर्ने निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको बिलरकम</th></tr>
</table>
</td><td>२,१००,५९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पालिका पुजिगत | २०२।२०७८। १२।२ | गणेशमान मन्दिर देखि बगान सम्म ह्युम पाईप जडान उस | ह्यमपाइपतथाग्रा भेल | ३००००० | केकेआरकन्ड्रक्सनप्रल ि | ३०११८१ |
| | २०६।२०७८। १२।६ | चौधरी वस्ती बच्चु टोल वाटो ग्राभेल उस | वाटोग्रभेल | ३००००० | एसजेफोर्टीबिल्डर्स | ३००००० |
| | २०७।२०७८। १२।६ | मुखियाको घर देखि पुर्व जाने बाटो उस | वाटोग्रभेल | ३९२००० | अवेदुलकन्ट्रक्सन | ३९९८२४ |
| | २५२।२०७८। १२।१५ | डुम्वा कोबाटो मर्मत उस | वाटोमर्मत | २१०००० | यसुननिर्माणसेवा | २१७०८९ |
| | १७०।२०७८। ११।१२ | ल्मपेको धरदेखि वगानजानेबाटो मर्मत उस | वाटो मर्मत | १५०००० | मिराहाङ निर्माण सेवा | १५३७३२ |
| | ३०६।२०७८। १।५ | अधुरोमार्ग ग्रभेल उस | ग्राभेल | २५०००० | लालिगुरास निर्माण सेवा | १६०७८७ |
| | १७५।२०७८। ११।१८ | बेरीङ खोलाजाने बाटोमर्मत उस | गाभेल | २००००० | अब्दुल निर्माण सेवा | १०८९३२ |
| | १४४।२०७८। ११।५ | वाटो ग्राभेल उस | ग्राभेल | १९३७८८ | अब्दुल निर्माण सेवा | २०१५०७ |
| | ६६।२०७८।९ ।१३ | वाटो ग्राभेल उस | ग्राभेल | २४८४६२ | रुस्ताम निर्माण सेवा | २५७५३८ |
| | | जम्मा | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका मसलन्द तथा कार्यालय समाग्री खरिद गर्दा प्रतिस्पर्धा नगराई विभिन्न व्यवसायीबाट सोझै खरिद गरेको देखिन्छ सार्वजनिक खरिद ऐन, नियमावली अनुसार २० लाख भन्दा बढीको खरिद कार्य गर्दा टुक्रा नगरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा एवं पारदर्शिता हुने गरी खरिद गर्नुपर्नेमा पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>सामानको विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>२४३/०७८/१२/२०</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>कम्प्युटर सोलुसन</td><td>४८९१०५</td></tr>
<tr><td>२५३/०७९/१/५</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>एके सप्लायर्स र ट्रेड लिंक कम्प्युटर</td><td>४५५०८३</td></tr>
<tr><td>२६७/०७९/१/८</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>द ए सि बजार एण्ड इन्टेरियरलाई</td><td>४९९४७१</td></tr>
<tr><td>२९६/०७९/२/१९</td><td>मसलन्द तथा कार्यालय समाग्री अन्तर्गत सोफा सेट खरिद</td><td>खरेल काष्ठ फर्निचर उद्योग</td><td>६२४८९०</td></tr>
<tr><td>३१६/०७९/२/३०</td><td>मसलन्द तथा कार्यालय समाग्री अन्तर्गत सोफा सेट खरिद</td><td>एसी बजार डटकम</td><td>४९७२००</td></tr>
<tr><td>३७१/०७९/३/२४</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>पाथीभरा श्रुति सम्बृद्धि उद्योग र पाथिभरा खुद्रा पसल</td><td>१०२४८४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२६६८२३३</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सञ्चार सुविधा<br><br>प्रदेश नं. १ को गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (१) मा पदाधिकारीहरुलाई मासिक रुपमा टेलिफोन, मोबाइल, इन्टरनेट सुविधा उपलब्ध हुने व्यवस्था छ । पालिकाका पदाधिकारीहरुले मासिक रुपमा टेलिफोन, मोबाइल, इन्टरनेट सुविधा लिएको तथा कर्मचारीलाई मोबाइल रिचार्ज उपलब्ध गराउने सुविधा नरहेकोमा पालिकाले गोश्वारा भौचर नम्बर ७४।२०७८।८।२ बाट पदाधिकारी तथा कर्मचारीलाई मोबाइल रिचार्ज भनी न्यू हाम्रो स्टेशनरी सप्लायर्सलाई रु२७००० साथै आयुर्वेद शाखाको शाखा प्रमुखलाई २०७७ चैत्र र बैशाख महिनाको संचार महशुल यस आर्थिक वर्षमा रु.२००० भुक्तानी गरेको छ । तसर्थ दोहोरो तथा यस वर्ष भुक्तानी लिएको संचार खर्च सम्बन्धितबाट असुल गरी सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>२९,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन<br><br>गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा गाउँपालिकाका पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गरे पछि मात्र वडाध्यक्षले रु.४००० र कार्यापालिका सदस्यले रु.२००० का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम अनुगमन भत्ता रु ४८०००० उपलब्ध गराएको श्रेस्तासाथ अनुगमन प्रतिवेदन संलग्न गरेको नपाइएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु<br><table><tr><td>पद</td><td>पदाधिकारीको संख्या</td><td>अनुगमन भत्ता मासिक दर</td><td>महिना</td><td>जम्मा अनुगमनभत्ता</td></tr><tr><td>वडाध्यक्ष</td><td>७</td><td>४०००</td><td>श्रावण-असार सम्म</td><td>३३६०००</td></tr></table></td><td>४८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्यापालिका सदस्य</td><td>६</td><td>२०००</td><td>श्रावण-असार सम्म</td><td>१४४०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>४८००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>गाडी भाडा<br><br>प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ७ (२) मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धित कार्यापालिकाको निर्णय बमोजिम एक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्ने व्यवस्था छ । पालिकामा दुईवटा हलुका सवारी साधन चालु अवस्थामा रहेको र इन्धन तथा मर्मत खर्च समेत भुक्तानी भइरहेको अवस्थामा पालिकाले भद्रपुर नगरपालिका वडा नं. ५ बस्ने हरलाल राजवंशीसँग मिति २०७८।५।८ मा हलुका सवारी साधन मासिक रु १३२००० का दरले भाद्र ८ देखि कार्तिक ८ सम्मका लागि भाडामा लिने सम्झौता गरी गोश्वारा भौचर नम्बर ३६।२०७८।६।२४ बाट रु २४०००० भुक्तानी गरेको छ ।साविकका गाडी संचालन भइरहेको अवस्थामा उल्लेखित गाडी दशै, तिहार, सार्वजनिक विदा समेत पर्ने अवधीमा कुन प्रयोजनका लागि भाडामा लिएको स्पष्ट नखुलेकोले प्रमाण पेश गर्नु पर्ने रु</td><td>२४०,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सभाको बैठक भत्ता<br><br>गाँउसभाका पदाधिकारीले सभामा उपस्थित भए बापत सुविधा सम्बन्धि ऐन २०७५ बमोजिम भत्ता पाउने व्यवस्था भएपनि कर्माचारीहरुले सभाको बैठक भत्ता पाउने व्यवस्था कानूनी व्यवस्था देखिदैन । तर पालिकाले गो.भौ.नं. २१३/०७८/१२/७ मा दशौं गाउँसभाको बैठक भत्ता ३० जना देहायका कर्मचारीहरुलाई उपलब्ध गराएको देखिन्छ । कानूनमा व्यवस्था नभएको भत्ता भुक्तानी भएको देखिएकोले सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>बैठक संख्या</th><th>जम्मा रकम</th><th>कर कट्टा पछिको रु.</th></tr>
</table>
</td><td>२५,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>हिमाल मिश्र</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>२</td><td>विमश राई</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>३</td><td>अभिषेक दास</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>४</td><td>गौरव संग्रौला</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>५</td><td>जिवन प्रसाद ढकाल</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>६</td><td>राजु उराव</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>७</td><td>रामजी अधिकारी</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>८</td><td>चन्द्रमणी तिम्सिना</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>९</td><td>सुनिता सुवेदी</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>१०</td><td>महेश बराल</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>११</td><td>मनिष गुरागाइँ</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>१२</td><td>टिकाराम दाहाल</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>१३</td><td>फेसिस पाण्डे</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>१४</td><td>सुरज खतिवडा</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रकाश खड्का | १ | १००० | ८५० |
| १६ | नारायण चम्लागाइँ | १ | १००० | ८५० |
| १७ | प्रतिमा रिमाल | १ | १००० | ८५० |
| १८ | आजाद अन्सारी | १ | १००० | ८५० |
| १९ | विज्ञान चम्लागाइँ | १ | १००० | ८५० |
| २० | सुमन उप्रेती | १ | १००० | ८५० |
| २१ | रोहित कर्ण | १ | १००० | ८५० |
| २२ | विशाल कडेंल | १ | १००० | ८५० |
| २३ | शैलेन्द्र उप्रेती | १ | १००० | ८५० |
| २४ | रिता देवी वर्देवा | १ | १००० | ८५० |
| २५ | रञ्जित मल्लिक | १ | १००० | ८५० |
| २६ | मनोज मण्डल | १ | १००० | ८५० |
| २७ | पुष्पा अधिकारी | १ | १००० | ८५० |
| २८ | हरि बहादुर भुजेल | १ | १००० | ८५० |
| २९ | लक्ष्मी राजवंशी | १ | १००० | ८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३०</td><td>डम्बर कुमारी प्रसाई</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२५५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>निजी शिक्षकको तलब भत्ता<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक, कर्मचारी, बालविकास सहजकर्ताको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भएको र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ । गाउँपालिकाले गोश्वारा भौचर नम्बर २१४/०७८/१२/७ बाट स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका मदरसा शिक्षकलाई यस वर्ष राजस्व बाँडफाँडबाट रु. ३२४०००० तलब भत्ता भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत शिक्षकलाई वित्तीय समानीकरणबाट दिन मिल्ने नदेखिएकोले नियमसम्मत नदेखिएको रु</td><td>३,२४०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>जरिवाना<br><br>सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५ (१)मा धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका गोश्वारा भौचरबाट धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना रु ११७१८ तिरेको पाइयो । धारा तथा बिजुलीको महशुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपरेको अनियमित देखिएको रु.</td><td>११,७१८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र. सं.</th><th>गो भौ न/मिति</th><th>जरिवाना रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>२५।२०७८-६-१३</td><td>५२२</td><td rowspan="6">विजुलिको महसुलमा जरिवाना</td></tr>
<tr><td>२</td><td>२८।२०७८-९-७</td><td>३३०</td></tr>
<tr><td>३</td><td>३४।२०७८-९-१६</td><td>३०६</td></tr>
<tr><td>४</td><td>३८।२०७८-९-२७</td><td>११६१</td></tr>
<tr><td>५</td><td>९७।२०७८-८-२९</td><td>२०७</td></tr>
<tr><td>६</td><td>१७४।२०७८-११-२</td><td>९१९२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११७१८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>संचयकोष थप<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धि कानून नवनाई करार कर्मचारीको मासिक तलबबाट आधारभूत तलबमानको १० प्रतिशत बराबरको रकम मासिक कट्टि गरी सोहि बराबरको रकम थप गरी कर्मचारी संचयकोषमा जम्मा गरिने व्यवस्था गरेको पाइयो । यो वर्ष करार तर्फको २९ जना कर्मचारीको लागि संचयकोष थप वापत रु ७२३९८४ खर्च गरेको छ । कानून निर्माण नगरी थप व्ययभार पारेको रु</td><td>७२३,९८४</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>यातायात खर्च</td><td>२१३,८४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ अनुसूची १ (क) मा पदाधिकारीहरुले सवारी साधन उपलब्ध नभएमा मात्र यातायात खर्च वडाध्यक्षहरुले मासिक रु ४००० का दरले पाउने व्यवस्था छ । पालिकाबाट देहाय बमोजिम सवारी साधन लिएका पदाधिकारीहरुले मासिक रुपमा यातायात खर्च भक्तानी लिएको देखिएकोले नपाउने यातायात खर्च रु. २१३८४० सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा नम्बर</th><th>पदाधिकारीको नाम थर</th><th>गाडी नम्बर</th><th>मासिक दर</th><th>भुक्तानी महिना</th><th>करकट्टी पछिको रकम</th></tr>
<tr><td>१</td><td>वडाध्यक्ष राजकुमार यादव</td><td>मे १ ब ७९७</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td>२</td><td>वडाध्यक्ष नेत्र प्रसाद खड्का</td><td>मे १ ब ८०१</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td>४</td><td>वडाध्यक्ष राजु भारती</td><td>मे १ ब ७९५</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td>५</td><td>वडाध्यक्ष दिनेश प्र. राजवंशी</td><td>मे १ ब ८०२</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td>६</td><td>वडाध्यक्ष हरि ब.बानिया</td><td>मे १ ब ८००</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td>७</td><td>वडाध्यक्ष नेत्र प्रसाद उप्रेती</td><td>मे १ ब ८०३</td><td>४०००</td><td>श्रावण-चैत्र</td><td>३५६४०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>२१३८४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>आवास सुविधा<br><br>कार्यालयले प्रमुख प्रशासकीय अधिकृतलाई घरभाडा तथा अन्य सुविधा दिने कुनै कानुनी व्यवस्था रहेको पाइदैन। गो.भौ.नं ३४३/२०७९/३/१६ मा पालिकाले भद्रपुरस्थित प्रमुख प्रशासकीय अधिकृत बसेको घरको घरभाडा स्वरुप श्रावण देखी असार सम्मको घरधनी दिपक ढुङ्गानालाई मासिक रु.१३२०० का दरले १२ महिनाको हुन आउने रकम रु १५८४०० भुक्तानी गरेको</td><td>१५८,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | देखिन्छ ।नियममा व्यवस्था भएकोमा बाहेक प्रमुख प्रशासकीय अधिकृतलाई आवास सुविधा वापत रकम उपलब्ध गराउन मिल्ने नदेखिएकोले नियमसम्मत नभएको रु | |
| ३४ | | | **वितरण भरपाई**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायको कार्यक्रमको भुक्तानी गर्दा भरपाई बेगर भुक्तानी गरेको पाइयो । कार्यविधि बमोजिम पालिकाले भुक्तानी गर्दा भरपाई संलग्न राख्नुपर्ने भएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. | २८५,००० |

| गो.भौ.नं | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३३७/२०७९/३/८ | वडा नं ७ को चारवटा कृषि सहकारीलाई अनुदानस्वरुप ४ सेट डेस्कटप खरिद गरी वितरण गरेकोमा सोको भरपाई पेश गर्नुपर्ने | उषा आइटी सोलुसन प्रा.लि. | २३९८०० |
| १७ | निजामती कर्मचारी दिवस कार्यक्रम संचालन मार्फत शिक्षा अधिकृत श्री जीवन प्रसाद ढकाललाई भुक्तानी गरिएकोमा उत्कृष्ट कर्मचारीलाई रु ५०००/- का दरले पुरस्कृत गरिएकोमा ३ जना कर्मचारीको भरपाईमा दस्तखत नरहेको देखिएकाले भरपाई पेश गर्नुपर्ने | | १५००० |
| ८३ | कार्यालयको अमीन श्री प्रकाश खड्काले झापा गाउँपालिका, वडा नं १ को २४,०००/- निमित्त जग्गा दान सम्बन्धी जिल्ला प्रशासनको कार्यालयमा बसेको बैठकको बैठकभत्ता भुक्तानी सम्बन्धमा रकम भुक्तानी लिएकोमा १६ जना | | २४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>पदाधिकारीको<br>हस्ताक्षर नदेखिएकाले सोको प्रमाण पेश गर्नुपर्ने</td><td></td><td></td></tr>
<tr><td>१०।०७७।६।१४</td><td>लेखापाल महेश बराल र वैद्य गंगाराम भट्टराईको स्वीकृत भ्रमण आदेश बराबरको रकम आयुर्वेद शाखाका कविराज नरेन्द्र प्रसाद चौधरीलाई भुक्तानी भएकोले निजहरुले रकम प्राप्त गरेको भरपाई पेश गर्नुपर्ने रु</td><td></td><td>६२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२८५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>छात्रवृत्ति वितरण<br><br>पालिकाअन्तर्गत उच्च माध्यमिक कक्षा संचालन हुने विद्यालयहरु डिल्लीराज माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का सबै विद्यार्थीहरु क्रमशः ३४१ जना र २९० जनालाई जनही रु.९२५० का दरले कुल रु. ५८३६७५० पालिकाले यस वर्ष छात्रवृत्ति वापत खर्च गरेको छ । त्यस्तै एसई उत्कृष्ट, एसई सर्वोत्कृष्ट, मुस्लिम समुदायका विद्यार्थीलाई रु.१०००० का दरले र प्राविधिक धारको विद्यार्थीलाई रु.१२००० का दरले जम्मा रु. ७०३००० वितरण गरेको देखियो ।विद्यार्थीहरुको शैक्षिक सुधारको प्रगति तथा मूल्यांकन सम्बन्धी पालिकाले कुनै मापदण्ड नबनाई वर्षेनी वितरणमुखी कार्यक्रममा बजेट विनियोजन गरी खर्च गरेकोमा खर्चको उपलब्धता तथा प्रभावकारीता सम्बन्धी कुनै अध्ययन वा अनुगमन भए गरेको पाइएन ।पालिकाले आन्तरिक आय न्यून भएको अवस्थामा र छात्रवृत्ती अनुदानमा दोहोरो हुने गरी गरिएको यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने र यसरी उपलब्ध गराएको रकमले विद्यार्थीहरुको शैक्षिक सुधारको अवस्थाको अनुगमन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>शुभकामना सन्देश</td><td>११६,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न साथै सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न भुक्तानी गरेको पाइयो । कानून विपरित खर्च गरिएकोले अनियमित भएको रु | |

| गो भौ नं./मिति | आपुर्तक | विवरण | रकम |
|---|---|---|---|
| ४२/२०७८/६/२४ | कनकाइ खबर साप्ताहिक | चाडपर्व शुभकामना सन्देश प्रकाशन | ५००० |
| १९०/२०७८/११/१८ | | | ५००० |
| ७७/२०७८/८/६ | | | १४००० |
| १०३/२०७८/९/६ | | | ५००० |
| ९७/२०७८/८/२९ | | चाडपर्व र नयाँ वर्ष शुभकामना प्रकाशन | ७००० |
| ६९/२०७८/८/१ | खुसी फ्लेक्स प्रिन्ट | नव वर्ष शुभकामना प्रकाशन | २०००० |
| ८८/२०७८/८/१९ | आर सी प्रिन्टिङ्ग प्रेस | बार्षिक क्यालेण्डेर छपाई | ४३५०० |
| ९२/२०७८//२१ | बजार दैनिक मिडिया प्रालि | चाडपर्व शुभकामना सन्देश प्रकाशन | ५००० |
| १०२/२०७८/९/६ | नवसञ्चार गृह प्रालि | चाडपर्व शुभकामना सन्देश प्रकाशन | १००० |
| ९७/२०७८/८/२९ | | | १००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०८/२०७८/१२/६</td><td></td><td>बधाई शुभकामना प्रकाशन</td><td>५०००</td></tr>
<tr><td>१३४/२०७८/९/२३</td><td>विर्ता ज्योति साप्ताहिक</td><td>चाडपर्व शुभकामना सन्देश प्रकाशन</td><td>५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११६५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
वितरणमुखि खर्च<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शिर्षकबाट वितरणमुखी खर्च गरेको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । पालिकालाई बढी व्ययभार हुने वितरणमुखी खर्च नियन्त्रण गर्नुपदर्छ ।
<table>
<tr><td>गो.भौ.नं</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>२१९/०७८/१२/१७</td><td>धर्म संस्कृति जगेर्ना शीर्षकबाट ३५ जना मुल्मीहरुलाई १२००० का दरले प्रोत्साहन स्वरुप नगद वितरण</td><td>४२००००</td></tr>
<tr><td>३८१/०७९/३/२४</td><td>३८ थान विद्युत मिटर खरिद गरी वितरण</td><td>१०००००</td></tr>
<tr><td>विभिन्न भौचर</td><td>जन्म तथा मृत्य संस्कार सहायता प्रतिपरिवार रु.१०००० का दरले</td><td>३८४२०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४३६२०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**नागरिक भत्ता वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।आफ्नो क्षेत्रमा अनुत्पादक, पूँजी वृद्धी नहुने, महत्वकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमूलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्नेमा नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा आई गर्भवती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा न्यानो झोला सहित पोषण भत्ता र शिक्षा तर्फ छात्रवृत्ति अनुदान समेत दिँदै आएको छ ।तर पालिकाले नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो हुने गरी गत आ.व. मा भन्दा भत्ता दरमा वृद्धि गरी देहायको कार्यक्रम मार्फत भत्ता वितरण गरेको देखियो ।यसरी प्रदान गरेको भत्ता सुविधाहरु भुक्तानी सम्बन्धमा कुनै पनि कार्यविधि बनाएको देखिएन । आन्तरिक श्रोतले चालु खर्च पनि धान्न नसकेको अवस्थामा अनुत्पादक, नगद वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्न पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ । पालिकाले श्रोतलाई उच्चतम प्रतिफल र काममा दोहोरपना नहुने गरी मात्र खर्च गर्नुपर्दछ ।

<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ज्येष्ठ नागरिक भत्ता वितरण(८४ वर्ष माथिका विदुर एकल भत्ता तथा अन्य कार्यक्रम) अन्तर्गत वार्षिक ६००० का दरले</td><td>१२१७०००</td></tr>
<tr><td>२</td><td>बाल पोषण तथा प्रति सुत्केरी सहायता २००० का दरले</td><td>३०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१५१७०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>

**इन्धन खर्च**
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (पदाधिकारी) तर्फ रु.३००००० र इन्धन (कार्यलय प्रयोजन) शिर्षकबाट यस वर्ष रु.१२१५६२४ खर्च गरेको छ ।कार्यालयले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फर्स्यौट गर्नुपर्दछ ।अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ४० | | | **मर्मत खर्च**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.१२२३८६१ र मेशिनरी औजार मर्मतमा रु.२९३४५० खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| ४१ | | | **कर्मचारी तालिम**<br><br>गो.भौ.नं ३८७/२०७९/३/२५ मा कर्मचारीहरुको सूचना प्रविधि खरिद तथा कार्यालय व्यवस्थापन सम्बन्धी तालिममा सहभागी ४४ जनाले ५०० का दरले यातायात खर्च बुझेको देखियो । सूचना प्रविधि तालिममा प्रशिक्षक नभएकोले प्रविधि आपूर्ति गर्ने | १३२,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फर्मले तालिम दिने शर्त बमोजिम तालिम दिएको देखिएको प्रमाण पनि नदेखिएकोले वर्षान्तमा आयोजना गरिएको तालिमको औचित्यता पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>जिन्सि दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को परिच्छेद १० बमोजिम तोकिएको ढाँचामा जिन्सी आम्दानी र खर्चको अभिलेख राख्ने व्यवस्था भएकोमा कार्यालयले गो.भौ.नं. १७८।०७८।१२।२० मा ल्यापटप र स्क्यानर कम्प्युटर सोलुसनबाट रु.९९६६६ मा खरिद गरेकोमा जिन्सी खातामा आम्दानी बाँधेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>९९,६६६</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सफ्टवयेर खरिद<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को दफा ३(२) मा सरकारी निकायले प्रयोग गर्ने सुचनाप्रविधि प्रणाली प्रविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्धारण गरेको मानक बमोजिम हुनुपर्ने र निर्देशिकाको दफा४मा सुचनाप्रवधि प्रणाली मानक बमोजिम भए नभएको सुचना प्रविधि विभागबाट प्रमाणिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले b]xfo सफ्टवयेरकार्यालयमा जडान गरी प्रयोगमाल्याएको प्रमाणको साथै सो निर्देशिकाकोमानक बमोजिम भए नभएको सूचना प्रविधि विभागबाट प्रमाणिकरणगरेको नदेखिएकोले अनियमित रु १४८८६६२
<table>
<tr><th>गो.भौ.नंरमिति</th><th>विवरण</th><th>फर्मकोनाम</th><th>रकमरु</th></tr>
<tr><td>७४।२०७८।९।१६</td><td>एकिकृत सुचना तथा सेवा व्यवस्थापन सफ्टवेयर</td><td>नेशनल इन्कुबेशन एण्ड रिसर्च सेन्टर प्रा लि</td><td>१४८८६६२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४८८६६२</td></tr>
</table></td><td>१,४८८,६६२</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>छात्रवृत्ति अनुदान</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा आई.ई.एम.आई.एस.मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं १९२/२०७९/३/२५ मा आई.ई.एम.आई.एस.मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २१ वटा विद्यालयमा रु.१८०१७०० निकासा गरेको छ। आई.ई.एम.आई.एस.मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रवृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ । | |
| ४५ | | | **पाठ्यपुस्तक अनुदान**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.४.६.१ मा कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक बापतको रकम अनुदान दिँदा आइ.ई.एम.आइ.एस.को आधारमा विद्यार्थी संख्या सत्यापन गरी प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिन सक्ने व्यवस्था रहेको छ साथै सो सम्बन्धमा पाठ्यपुस्तक पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका २१ विद्यालयहरुलाई ७५ प्रतिशत अनुदान निकासा गर्दा सत्यापन नगराई रु.२६४८२२९ र बाँकी २५ प्रतिशत रु.११३८३८२ गरी जम्मा रु.३७८६६११ अनुदान रकम निकासा दिएको पाइयो । पालिकाले विद्यालयलाई निशुल्क पाठ्यपुस्तक बापतको अनुदान निकासा गर्दा आइ.ई.एम.आइ.एस.को विवरण सत्यापन गर्ने साथै पाठ्यपुस्तक वितरणका सम्बधनमा अनुगमन प्रतिवेदन पेश गरेको नदेखिएकोले सोको प्रमाणपेश गर्नुपर्दछ । | |
| ४६ | | | **सेनिटरी प्याड** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था छ।त्यसैगरी शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा गाउँपालिकाले खरिद गरेको सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी कक्षा ६-१२ सम्मका छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं १४९/२०७९/३/१९ मा सफ्टी हाइजेन प्रा.लि. बाट १८००० थान सेनिटरी प्याड रु.१५१२००० (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि १८००० थान विद्यालयलाई वितरण गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको नपाइएको साथै आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्ने र वितरण गरिएका सेनिटरी प्याडको छात्राहरुको नाम नामेसी खुल्ने गरि भरपाई साथ अभिलेख राखिनुपर्दछ । | |
| ४७ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.१०६००००० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३,६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं मिति</td><td>विद्यालयको नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>५२।२०७९।३।२५</td><td>जनता मा वि</td><td>४ कोठे</td><td>३६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
दिवा खाजा<br><br>
शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी १५ का दरले १८० दिनको दिवा खाजा अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरि पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानध्यापक र विद्यालय व्यवस्थापन अध्यक्षबाट प्रमाणित गराई संख्या एकीन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष २१ वटा विद्यायलालाई रु.६५११९७७ दिवा खाजा वापत निकासा दिएकोमा देहायका विद्यालयलाई बढि निकासा दिएको पाइयो साथै अधिकांश विद्यालयले दिवा खाजाको रकम वितरणको भरपाई समेत पेश गरेको छैन।तसर्थ दिवा खाजाको रकम वितरणको भरपाई तथा बढि भएको निकासा सम्बन्धित विद्यालयबाट फिर्ता हुनुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>निकासा हुनुपर्ने रकम</td><td>निकासा भएको रकम</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>लक्ष्मी प्रा.वि.</td><td>१३५४६५</td><td>१४१२२५</td><td>५७६०</td></tr>
<tr><td>चप्रमारी प्रा.वि.</td><td>५४२७०</td><td>७६९५०</td><td>२२६८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८४४०</td></tr>
</table>
</td><td>२८,४४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **औषधी खरिद**<br><br>पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । गो.भौ.नं. ५८।०७८।१०।२७ मा यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि लगायत औषधिजन्य सामाग्री खरिद गरी रिद्धिसिद्ध मेडिटेक इन्टरनेशनललाई रु.१४१०७१० भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ५० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा कम्पाउण्ड वाल निर्माण, बाटो निर्माण जस्ता विभिन्न योजना सञ्चालन गरी गाउँपालिकामा सूचीकृत बेरोजगार २४४ जना मध्ये यस वर्ष ९९ जनालाई औसत २३ दिनले ८५८३ दिन रोजगारी उपलव्ध गराई रु.४९५२३९१ श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>अनुदानको अनुगमन<br><br>संघीय सशर्त अनुदानबाट तोकीएबमोजिम अनुदान दिदा र खर्च गर्दा निर्देशिका अनुसार खर्च गरिनुपर्दछ । पालिकाले पकेट क्षेत्र तथा अन्य अनुदान देहायका योजना तथा कार्यक्रमहरुमा दिएकोमा सम्झौतामा तोकिए बमोजिमको प्रयोजनमा खर्च गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको तथा अनुदान रकमबाट खरिद भएका पशुको स्वास्थ्य परीक्षण र विमा पेश गरेको देखिएन । अनुदान रकम निर्धारित कार्यमा खर्च भएको सुनिश्चित हुन खरिद भएका पशुको स्वास्थ्य परीक्षण, विमा र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>कार्यक्रम</th><th>अनुदान प्राप्त गर्ने फर्म तथ समिति</th><th>अनुदान रकम</th><th>कैफियत</th></tr>
<tr><td>आ.व. २०७७/७८ मा स्थापना भएका कृषि उत्पादन केन्द्र विकास कार्यक्रम निरन्तरताको लागि विभिन्न सामाग्री खरिद गरि वितरण</td><td>भट्टराई भेट्स एण्ड एग्रो</td><td>९५९७५०</td><td></td></tr>
<tr><td>बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम निरन्तरता</td><td>कुवाडी कृषि समूह, एग्री सेन झापा, कमला कृषि फर्म, मैनाली कृषि तथा पशुपन्छी फर्म, न्यू देउमाई कृषि सहकारी संस्था लिमिटेड, जय किसान कृषि फर्म, अदिती च्याउ उद्योग</td><td>११४००००</td><td></td></tr>
</table></td><td>२,०९९,७५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| २०९९७५० \| | |
| ५२ | | | **सामाजिक सुरक्षा तर्फ** | |
| ५२.१ | | | **सामाजिक सुरक्षा फिर्ता** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार २ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकम रु ११४११५४०८ मध्ये बैङ्कले रु ११३१०६०२६ वितरण गरी बाँकी रहेको रु १००९३८२ मध्ये दोहोरो भएको रु २३६४६ बैङ्कबाट फिर्ता गर्न बाँकि रहेको पाइयो। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु | २३,६४६ |

| वडा नं | बैङ्क | निकासा | वितरण | चालु बर्षको बढि निकासा | बैंकबाट फिर्ता | चालु बर्षको दोहोरो फिर्ता | गत बर्षको फिर्ता | फिर्ता गर्न बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| १,२र३ | राष्ट्र वाणिज्य बैंङ्क | ४६५९४८९८ | ४६१५३६२१ | ४४१२७७ | ४४१२७७ | १५३०५४ | ३३२८०० | २३६४६ |
| ४,५,६र७ | एन आई सी एसिया बैंङ्क | ६७५२०५१० | ६६९५२४०५ | ५६८१०५ | ५६८१०५ | | | |
| जम्मा | | ११४११५४०८ | ११३१०६०२६ | १००९३८२ | १००९३८२ | १५३०५४ | ३३२८०० | २३६४६ |
| जम्मा बैंकबाट फिर्ता | | | | | १४९५२३६ | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>फोटो सहितको मुल अभिलेख - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ३ बुँदा नं. १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको नियमावलीको अनुसूची ३ बमोजिमको फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको मूल अभिलेख पुर्ण रुपमा राखेको पाइएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि बमोजिम फोटो सहितको मूल अभिलेख अद्यावधिक गरी नराखिएकोले भत्ता पाउने लाभग्राही सहि हो भनी एकिन गर्न नसकिने भएकोले कार्यविधिको पालना गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२)(घ) मा बेरूजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।सो ब्यबस्था अन्तर्गत पालिकाले यस वर्ष देहायको विगतको बेरुजु फर्छ्यौट गरी समपरिक्षणको लागि अनुरोध गरेकोमा देहायअनुसार सम्परीक्षण गरिएको छ । सम्परीक्षणबाट उल्लेखनीय वेरुजु देखिएको छैन । सम्परीक्षणको व्यहोरा देहायअनुसार छन ।<br><br>
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">आ व</th><th rowspan="2">बेरुजु दफा नं.</th><th rowspan="2">बेरुजु र फछ्यौंटको व्यहोरा</th><th colspan="4">फछ्यौंट रकम</th><th>कुल फछ्यौंट</th></tr>
<tr><th>असुली रकम</th><th>प्रमाण रकम</th><th>नियमित रकम</th><th>पेश्की रकम</th><th></th></tr>
<tr><td></td><td>०७४।७५</td><td>१३</td><td>बढी भुक्तानी भएको रकम<br>राजकुमार यादवको १२६०००<br>नेत्र बहादुर खडकाको १२६०००<br>राजु भारतीको १२६०००<br>दिनेश प्रसाद राजवंशी १२६०००</td><td>६४८०००</td><td></td><td></td><td></td><td>६४८०००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>वडा सदस्यहरुको १४४००० असुल भएकोले फछ्र्यौट</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>०७६।७७</td><td>४०</td><td>दफा ४० विमा गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने विमाको विल १५५१४६ को पेश भएको र १४४८५४ धरौटीबाट सदरस्याहा गरेकोले फछ्र्यौट</td><td></td><td>३०००००</td><td></td><td></td><td>३०००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>६४८०००</td><td>३०००००</td><td></td><td></td><td>९४८०००</td></tr>
</table>
</td><td></td></tr>
</table>